नेपाल सरकार
कृषि तथा सहकारी मन्त्रालयको
सूचना

पशु स्वास्थ्य तथा पशु सेवा (दोस्रो संशोधन) नियमावली, २०६४

पशु स्वास्थ्य तथा पशु सेवा नियमावली, २०५६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ को दफा ३३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरूको नाम "पशु स्वास्थ्य तथा पशु सेवा (दोस्रो संशोधन) नियमावली, २०६४" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. पशु स्वास्थ्य तथा पशु सेवा नियमावली, २०५६ को नियम २ मा संशोधन : पशु स्वास्थ्य तथा पशु सेवा नियमावली, २०५६ (यस पछि "मूल नियमावली" भनिएको) को नियम २ को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छ:-

"(घ) "प्रामाणिक प्रमाणपत्र" भन्नाले पैठारी गरिने पशु पक्षीको हकमा सम्बन्धित मुलुकको पशु क्वारेन्टाइन अधिकृत वा भेटेरिनरी अधिकृतले त्यस्तो पशुको स्वास्थ्य ठीक छ भनी प्रमाणित गरेको प्रमाणपत्र र पशु औषधी तथा जैविक पदार्थको हकमा त्यस्तो औषधि तथा जैविक पदार्थको गुणस्तर नियन्त्रण गर्ने निकायले त्यस्तो औषधि तथा जैविक पदार्थको गुणस्तर ठीक छ भनी प्रमाणित गरेको प्रमाणपत्र सम्झनु पर्छ ।"

३. मूल नियमावलीको नियम ६ मा संशोधन : मूल नियमावलीको नियम ६ को उपनियम (३) को खण्ड (ण) पछि देहायको खण्ड (त) थपिएको छ :-

"(त) बर्ड फ्लु (Highly Pathogenic Avion Influenza) -२१ दिन"

४. मूल नियमावलीको नियम ७ मा संशोधन : मूल नियमावलीको नियम ७ को,-

(१) उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छ:-

"(२) उपनियम (१) को खण्ड (ख) बमोजिम परीक्षणको लागि नमूना लिंदा सम्बन्धित प्याकेज वा पार्शल सङ्ख्याको कम्तीमा दश प्रतिशत प्याकेज वा पार्शलबाट नमूना लिनु पर्नेछ ।"

(२) उपनियम (३) को सट्टा देहायको उपनियम (३) राखिएको छ:-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(१) पशु, पशुजन्य पदार्थ, जैविक पदार्थ, पशु उत्पादन सामग्री र माछाका भुराको ढुवानी तथा गुणस्तर सम्बन्धी मापदण्ड विभागका महानिर्देशकको अध्यक्षतामा गठित प्राविधिक समितिले निर्धारण गरे बमोजिम हुनेछ ।"

११. <u>मूल नियमावलीको नियम १९ मा संशोधन</u> : मूल नियमावलीको नियम १९ को खण्ड (क) र (ख) को सट्टा देहायका खण्ड (क) र (ख) राखिएका छन् :-

"(क) पशुजन्य पदार्थ, पशु उत्पादन सामग्री, पशु औषधि वा जैविक पदार्थको गुणस्तर जाँच गर्ने वा जाँच गर्नको लागि सोको नमूना सङ्कलन गरी विभागले तोकेको प्रयोगशालामा पठाउने,

(ख) म्याद नाघेका पशु औषधि, जैविक पदार्थ वा पशु उत्पादन सामग्री भेटिएमा नियम १८ को कार्यबिधि पूरा गरी नष्ट गर्ने र सोको जानकारी विभागमा लेखी पठाउने ।"

१२. <u>मूल नियमावलीको नियम २० मा संशोधन</u> : मूल नियमावलीको नियम २० को,-

(१) उपनियम (१) को अन्त्यमा "पशु सेवा केन्द्र वा उपकेन्द्रले त्यसरी सूचना प्राप्त भएपछि सोको जानकारी यथाशीघ्र पशु सेवा कार्यालयलाई दिनु पर्नेछ ।" भन्ने वाक्यांश थपिएको छ ।

(२) उपनियम (२) को सट्टामा देहायको उपनियम (२) राखिएको छ :-

"(२) उपनियम (१) बमोजिम जानकारी प्राप्त हुन आएपछि सम्बन्धित प्राविधिकले जाँचबुझ गर्दा अनुसूची-१० मा उल्लिखित रोग लागेको शङ्का गर्नुपर्ने आधार भएमा पशु सेवा कार्यालयको प्रमुखले विभागले तोकेको भेटेरिनरी अधिकृतका साथै क्षेत्रीय पशु सेवा निर्देशनालय र क्षेत्रीय पशु रोग अन्वेषण प्रयोगशालालाई समेत सो कुराको सूचना यथाशीघ्र दिनु पर्नेछ ।"

(३) उपनियम (३) पछि देहायका उपनियम (४) र (५) थपिएका छन् :-

"(४) ढुवानीको क्रममा कुनै पशुको मृत्यु भएमा त्यस्तो पशुको धनी वा ढुवानीकर्ताले नजिकको पशु सेवा केन्द्र, उपकेन्द्र, पशु क्वारेन्टाईन कार्यालय, चेकपोष्ट वा जिल्ला पशु सेवा कार्यालयमा सोको जानकारी दिनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम सूचना प्राप्त भएपछि त्यस्तो निकायको प्राविधिक वा प्रमुखले पशु मर्नाको कारण यकीन गर्न आवश्यक पर्ने नमूना सङ्कलन गरी परीक्षणको लागि विभागले तोकेको प्रयोगशालामा पठाउनु पर्नेछ र मृत पशुलाई नियम १८ बमोजिमको कार्यविधि पूरा गरी नष्ट गर्न लगाउनु पर्नेछ ।"

१३. <u>मूल नियमावलीमा नियम २१क. थप</u> : मूल नियमावलीको नियम २१ पछि देहायको नियम २१क. थपिएको छ :-

८१५



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"२१क. कार्यालय तोकिएको : ऐनको दफा २ को खण्ड (ट) को प्रयोजनको लागि सोही खण्डमा उल्लिखित कार्यालयको अतिरिक्त केन्द्रीय पशु क्वारेन्टाईन कार्यालय, पशु क्वारेन्टाईन कार्यालय र भेटेरिनरी गुणस्तर तथा औषधि व्यवस्थापन कार्यालयलाई समेत तोकिएको छ ।"

१४. मूल नियमावलीमा नियम २२क. थप : मूल नियमावलीको नियम २२ पछि देहायको नियम २२क. थपिएको छ :-

"२२क. निर्देशिका तथा संहिता बनाउन सक्ने : ऐन तथा यस नियमावलीको उद्देश्य कार्यान्वयन गर्न कृषि तथा सहकारी मन्त्रालयले आवश्यक निर्देशिका तथा संहिता बनाई जारी गर्न सक्नेछ र त्यसरी जारी गरिएको निर्देशिका तथा संहिताको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।"

आज्ञाले,

टेक बहादुर थापा

नेपाल सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## व्यवस्थापिका–संसद सचिवालयको

## सूचना

व्यवस्थापिका–संसदमा देहायको अवस्था र कारणबाट व्यवस्थापिका–संसदको सदस्य संख्या ८ (आठ) स्थान रिक्त भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ :–

१. राष्ट्रिय प्रजातन्त्र पार्टीको तर्फबाट सदस्य रहनु भएका माननीय श्री नेत्रलाल श्रेष्ठलाई व्यवस्थापिका–संसद सदस्यको पदबाट हटाउन सम्बन्धित दलबाट लेखि आएकोले नेपालको अन्तरिम संविधान, २०६३ को धारा ४८ को खण्ड (ग) बमोजिम मिति २०६४/४/२ देखि रिक्त भएको ।

२. नेपाली काँग्रेस पार्टीको तर्फबाट सदस्य रहनु भएका माननीय श्री डिल्लीराज शर्माको मिति २०६४/४/१३ गते असामयिक निधन भएकोले नेपालको अन्तरिम संविधान, २०६३ को धारा ४८ को खण्ड (ङ) बमोजिम रिक्त भएको ।

३. राष्ट्रिय प्रजातन्त्र पार्टीको तर्फबाट सदस्य रहनु भएका माननीय श्री अजयप्रताप शाहको मिति २०६४/५/२६ गते असामयिक निधन भएकोले नेपालको अन्तरिम संविधान, २०६३ को धारा ४८ को खण्ड (ङ) बमोजिम रिक्त भएको ।

४. देहायका माननीय सदस्यहरुले माननीय सभामुख समक्ष राजीनामा दिनु भएकोले नेपालको अन्तरिम संविधान, २०६३ को धारा ४८ को खण्ड (क) बमोजिम मिति २०६४/८/२४ गतेदेखि रिक्त भएको :–
   - (क) नेपाल काँग्रेसको तर्फबाट सदस्य रहनु भएका माननीय श्री महन्थ ठाकुर
   - (ख) नेपाल कम्युनिष्ट पार्टी (एमाले) को तर्फबाट सदस्य रहनु भएका माननीय श्री महेन्द्रप्रसाद यादव
   - (ग) राष्ट्रिय प्रजातन्त्र पार्टीको तर्फबाट सदस्य रहनु भएका माननीय श्री रामचन्द्र राय
   - (घ) नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) को तर्फबाट सदस्य रहनु भएका माननीय श्री हृदयेश त्रिपाठी ।

५. नेपाली काँग्रेस पार्टीको तर्फबाट सदस्य रहनु भएका माननीय श्री जयप्रकाश प्रसाद गुप्ताले माननीय सभामुख समक्ष राजीनामा दिनु भएकोले नेपालको अन्तरिम संविधान, २०६३ को धारा ४८ को खण्ड (क) बमोजिम मिति २०६४/९/९ गतेदेखि रिक्त भएको ।

आज्ञाले,

मनोहर प्रसाद भट्टराई

व्यवस्थापिका–संसदको कार्यवाहक महासचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ५

नेपाल सरकार
कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको
सूचना १

नेपाल सरकारले कानूनी सहायता सम्बन्धी ऐन, २०५४ को दफा १ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी उक्त ऐनका प्रारम्भ हुन बाँकी सबै दफाहरु देहायका जिल्लाहरुमा मिति २०६४ साल माघ १ गते देखि प्रारम्भ हुने गरी तोकेको छ

१. ताप्लेजुङ्ग, २. बझाङ्ग, ३. नुवाकोट, ४. लम्जुङ्ग, ५. म्याग्दी, ६. गोरखा ७. रामेछाप ८. जुम्ला, ९. रोल्पा १०. वैतडी ।

सूचना २

नेपाल सरकारले राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी राजश्व न्यायाधिकरण विराटनगरको राजश्व सदस्य पदमा विराटनगर भन्सार कार्यालय, रानी, मोरङ्गका प्रमुख भन्सार अधिकृत श्री श्याम प्रसाद दाहाललाई तोकेको छ ।

आज्ञाले,
डा. कुलरत्न भूर्तेल
नेपाल सरकारको सचिव



मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित । मूल्य रु.१५।–
गो.हु.द.नं. १६।०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

मुद्रण विभाग, सिंहदरबार

३७६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।